# ढुक्क भएर सुरक्षितसँग प्रयोग गर्नको लागि



किचेन वा लिभिङ जस्ता परिवारले देख्न सक्ने ठाउँमा राख्नुहोस्।

## ग्यासको गन्ध आएमा गर्ने कुराहरु!

### आगो बाल्ने उपकरणहरु कदापि प्रयोग नगर्नुहोस्।

- (सलाई, लाइटर जस्ता) आगो सल्काउन सक्ने चीजहरु र भेन्टिलेसन फ्यान वा बत्ती आदिको सुइचमा पनि कदापि नचलाउनुहोस्।




### झ्याल र ढोका पूर्ण रुपमा खोली, ग्यास बाहिर पठाउनुहोस्।

- LP ग्यास हावा भन्दा गह्रुङ्गो हुने हुनाले, भुइँको लेबलमा जम्मा भएको ग्यासलाई पनि बाहिर पठाउन नबिर्सनुहोस्।



### सम्पूर्ण ग्यासबाट चल्ने उपकरणहरु बन्द गरी, ग्यासको मेन भल्भ बन्द गर्नुहोस्।

- अनिवार्य रुपमा ग्यास मिटर भल्भ अथवा ग्यास सिलिन्डर बन्द गर्नुहोस्।




◎ ग्यास मिटर भल्भ कहाँ छ थाहा नभएमा, पहिले नै LP ग्यास बिक्री पसलमा सम्पर्क गरी निश्चय गर्नुहोस्।

### ग्यास चुहिएको अवस्थाबारे तुरुन्तै खबर गर्नुहोस्।



**"आपत्कालिन अवस्थामा सम्पर्क गर्ने स्थान" बाट दिइएको निर्देशनको पालना गर्नुहोस्।**



◎ सुरक्षा निश्चय कार्य पूरा नभएसम्म ग्यास प्रयोग नगर्नुहोस्।


◎ पहिले नै LP ग्यास बिक्री पसलमा आपत्कालिन अवस्थामा सम्पर्क गर्ने स्थान निश्चय गर्नुहोस्।


◎ आपत्कालिन अवस्थामा सम्पर्क गर्ने स्थान २४ घण्टा नै खुला रहन्छ।

**LP ग्यास सुरक्षा समिति / उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**

## अचानक ग्यास बन्द भएमा!

### सर्वप्रथम ग्यास बन्द हुनुको कारण र सुरक्षा निश्चय गरौं।




ग्यास प्रयोग गरिरहेको बेला, भूकम्पीय तीव्रता ५ वा सो भन्दा ठूलो भूकम्प आएको खण्डमा।

ग्यासबाट चल्ने उपकरण बन्द गर्न बिर्सने जस्ता कारणहरुले गर्दा लामो समय निरन्तर ग्यासको प्रयोग भएको खण्डमा।

रबर पाइप छुट्टिने आदि कारणले गर्दा अत्याधिक मात्रामा ग्यास निस्केको खण्डमा।


**ग्यास चुहिएको वा ग्यास गन्हाएको बेला, दाँया लेखिएका रिसेट प्रक्रियाहरु नगरीकन, LP ग्यास बिक्री पसलमा वा आपत्कालिन अवस्थामा सम्पर्क गर्ने स्थानमा सम्पर्क गर्नुहोस्।**

※ग्यास प्रयोग नगरेको बेला, ग्यास बन्द नहुने गरी बनाइएको छ।

※रिसेट प्रक्रिया गरेपछि पनि "रिसेट" नभएमा, दोहोऱ्याएर रिसेट प्रक्रिया नगरीकन, LP ग्यास बिक्री पसलमा सम्पर्क गरी निरिक्षण गराउनुहोस्।


### ग्यास मिटर रिसेट गर्ने तरिका

**1**




- ग्यासबाट चल्ने उपकरणको "बाल्ने र बन्द गर्ने" सबै ठाउँहरु बन्द गर्नुहोस्।
- प्रयोग नगरेको ग्यासको मेन भल्भ बन्द रहेको निश्चय गर्नुहोस्।

**2**



- बायाँपट्टिको रिसेट बटन थिच्नुहोस्।
- "ग्यास रोक्ने (ガス止)" लेखिएको अक्षर हट्छ।


**3**



- लिक्विड क्रिस्टल डिस्प्लेको अक्षर र बत्ति बल्ने -निभ्ने गर्छ।
- १ मिनेट पर्खनुहोस्।

※कुनै-कुनैमा बत्ती रिसेट बटन भएको ठाउँमा हुन सक्छ।

**4**




- लिक्विड क्रिस्टल डिस्प्लेको अक्षर र बत्ति निभ्छ।
- रिसेट प्रक्रिया पूरा भयो।
- ग्यास प्रयोग गर्न सकिन्छ।

## ग्यासका उपकरणहरु १० वर्ष पुग्यो भने निरीक्षणको लागि सम्पर्क गरौं।

लामो समयदेखि प्रयोगमा रहेका ग्यासका उपकरणका पार्टपुर्जाहरु पुरानो भई बिग्रिएर दुर्घटना हुनसक्छ। १० वर्ष पुग्यो भने, निरीक्षणको लागि निर्माता वा ग्यास उपकरण बिक्रि पसललाई निरीक्षणको लागि सम्पर्क गर्नुहोस्।





ग्यासका उपकरणहरुको उदाहरण /नमुना

| LP ग्यास आपत्कालिन अवस्थामा सम्पर्क गर्ने स्थान | LP ग्यास बिक्री पसलको नाम |
| --- | --- |
| सम्पर्क: | |
| फोन: | |
| आपत्कालिन अवस्थामा सम्पर्क गर्ने स्थान २४ घण्टा नै खुला रहन्छ। | |

थप जानकारीका लागि LP ग्यास सुरक्षा समितिको वेबसाइटमा पनि हेर्न सक्नु हुन्छ। http://www.lpg.or.jp/

LPガス安全委員会
2022.2(ネパール語)

# सुरक्षा जाँचका बुँदाहरु

## CO (कार्बन मोनोअक्साइड) विषाक्तता बारे !


खतरा

पर्याप्त हावा (अक्सिजन) नभएको अवस्थामा आगो बाल्ने उपकरणको प्रयोग गर्‍यो भने पूर्ण रुपमा आगो बल्दैन र CO (कार्बन मोनोअक्साइड) निस्कन्छ। CO एकदम विषालु हुन्छ र यो सास फेर्दा शरीर भित्र मात्र पस्यो भने पनि ज्यान जाने खतरा हुन्छ। हामी तपाईंलाई CO अलार्म राख्न सिफारिस गर्छौं।


## ☑ CO विषाक्तता दुर्घटनालाई रोक्नका लागि !

### हावाको आवतजावत निश्चय गर्ने

- ग्यास प्रयोग गर्ने बेला सधैँ भेन्टिलेसन फ्यान चलाउने र झ्याल खोल्ने गरौं!




**स्टोभ र ग्यासबाट चल्ने फ्यान हिटर प्रयोग गर्ने व्यक्तिहरुको लागि,**
१ घण्टामा १, २ पटक झ्याल खोलेर हावा परिवर्तन गर्नुहोस्।



### बाहिरबाट हावा आवतजावत भई बल्ने उपकरणहरु

- हावा आवतजावत गर्ने पाईप ठिकसँग जडान भएको छ वा छैन?
- हावा निस्कने ठाउँ टाल्लिएको छ वा छैन?
- हावा आवतजावत गर्ने पाईपको अगाडिको भाग बाहिर निस्केको छ वा छैन ?





## ☑ ग्यास चुहावट दुर्घटनालाई रोक्नका लागि !


### आगो बलेको छ वा छैन निश्चय गर्ने
### धेरै पटक आगो बाल्ने प्रक्रिया, पुन: आगो बाल्ने प्रयास
### आगो बलिरहेको बेला निभ्ने

- आगो बलेको छ वा छैन निश्चय नगर्नाले दुर्घटनाहरु घटिरहेका छन्। अनिवार्य रुपमा आगोलाई हेरेर निश्चय गर्नें!
- धेरै पटक आगो बाल्ने प्रक्रिया गरेर, आगो बाल्ने उपकरणमा जम्मा भएको ग्यास बलेर दुर्घटनाहरु घटिरहेका छन्। दोहोर्‍याएर आगो बाल्ने प्रयास गर्दा सावधानीपूर्वक गर्नें!

※ब्याट्री सिद्धिएको छ भने आगो बल्दैन।


### प्रयोग नगरिएको ग्यासको मेन भल्भ

- भल्भ "बन्द" छ?
- ग्यासको मेन भल्भमा रबरको क्याप लगाइएको छ?



### रबरको पाइप

- जलेको वा चर्केको छ वा छैन!
- ग्यासको मेन भल्भको रातो लाइनसम्म जोडिएको छ वा छैन!
- पाइप ब्यान्ड राम्रोसँग लगाइएको छ वा छैन!




## ☑ यदि ... को लागि!

### CO अलार्म उपकरण
### ग्यास अलार्म उपकरण

- भ्याकुम क्लिनर आदि प्रयोग गर्न अलार्म उपकरणको प्लग निकालेपछि पुन: जडान गरेको छ वा छैन?
- सकेटबाट प्लग निस्केको छ वा छैन?







ग्यास अलार्म उपकरण र CO अलार्म उपकरण राखेमा, ग्यासमा असामान्यता भएको बेला, बजर वा आवाज निकालेर सूचित गराउने हुनाले ढुक्क हुन सकिन्छ।

※अलार्म परिवर्तन गर्ने म्याद ५ वर्ष हो।

### LP ग्यास सिलिन्डर /कन्टेनर

- आगोबाट २ मिटर वा सो भन्दा टाढा राख्नुहोस्!



### हिउँबाट हुने क्षतिको रोकथाम

- हिउँले रेगुलेटर, ग्यास मिटर आदि बिग्रने खतरा हुन्छ। हिउँबाट बचाउने घेरा र उपकरणहरु राख्ने ठाउँको निरिक्षणको लागि अनुरोध गर्दछौं।
- हिउँ हटाउने आदि गर्दा LP ग्यासको उपकरणहरुमा क्षति नहुने गरी ध्यान दिनुहोस्।



## निम्न अवस्थामा तुरुन्तै सम्पर्क गर्नुहोस्!

### आगो

- आगो स्थिर नभएमा
- आगो पहेँलो भएमा
- कुनै-कुनै ठाउँमा आगो नबलेमा

### सञ्चालन

- प्रयोग गरिरहेको बेला निभेमा
- पट्केला जस्तो गरी आगो बलेमा
- सजिलै आगो नबलेमा
- आगो नबलेमा
- आगो फैलिन सामान्य भन्दा लामो समय लागेमा

### उपकरण

- बल्दाखेरि असामान्य आवाज आएमा
- ग्यासको गन्ध आएमा
- चलिरहेको बेला, बलेको ग्यासको गन्ध आएमा

उपकरण मेकर वा LP ग्यास बिक्री पसललाई तुरुन्तै जाँच गर्न बोलाउनुहोस्।

